# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, चैत १० गते २०५५ साल (अतिरिक्ताङ्क ७९


## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

१. डाँक तार वा टेलिफोन सेवा,
२. जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामानहरु ओसार पसार गर्ने यातायात सेवा,
३. हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसित सम्बन्धित सेवा,
४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने, राख्ने झिक्ने वा थन्क्याउने कामसित सम्बन्धित सेवा,
५. मिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा,
६. हात हतियार, खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने थन्क्याउने, वितरण गर्ने कामसित सम्बन्धित श्री ५ को सरकार रक्षा व्यवस्थाको कुनै सेवा ।

आज्ञाले,

पदमप्रसाद पोखरेल

श्री ५ को सरकारको सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।